# प्रदेश सरकार मन्त्रिपरिषद्ले सम्वत् २०७५ श्रावणदेखि कार्तिकसम्म गरेका निर्णयहरु

## सम्बत् २०७५ साल श्रावण ०४ गते शुक्रबारका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु

१. मुख्यमन्त्री राहत कोष अन्तर्गत विनियोजन भई खर्च हुन बाँकी रहेको रकम र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. २ करोड विविध खातामा हस्तान्तरण गर्ने ।

२. आकस्मिक कोष सञ्चालन सम्बन्धि विधेयक, २०७५ लाई प्रदेश मन्त्रिपरिषद्ले स्वीकृत प्रदान गरी प्रदेश सभामा पेश गर्ने ।

## सम्बत् २०७५ साल श्रावण ०७ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु

१. गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धमा ।

२. प्रादेशिक प्रशासनका लागि आवश्यक कर्मचारी भर्ना सम्बन्धमा ।

३. प्रदेश लोक सेवा आयोग (कार्यविधि) गठनका सम्बन्धमा ।

४. प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

५. प्रदेश फ्रिक्वेन्सी मोडुलेशन (एफ.एम. रेडियो) र टेलिभिजन संचालन र नियमन सम्बन्धी विधेयक, २०७५

६. लैङ्गिक तथा घरेलु हिंसा नियन्त्रण गर्न बनेको विधेयक, २०७५

## सम्बत् २०७५ साल श्रावण १० गते बिहीबारका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु

१. प्रदेश नं. २ दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ तयार गर्ने सैद्धान्तिक सहमति प्रदान गर्ने ।

२. मदरसा शिक्षा बोर्ड विधेयक, २०७५ को सैद्धान्तिक सहमति प्रदान गर्ने ।

## सम्बत् २०७५ साल श्रावण १७ गते बिहीबारका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु

१. जनकपुर उप-महानगरपालिका वडा नं. १७ कनकपट्टीका बौकु साह तेलीको परिवारलाई रु. ३ लाख आर्थिक सहायता उपलब्ध गराउने ।

## सम्बत् २०७५ साल श्रावण २८ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु

१. विद्याधर मल्लिकको अध्यक्षतामा गठन भएको प्रशासनिक पुनः संरचना समितिको पहिलो प्रतिवेदन स्वीकार गर्ने ।(मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय)

२. सप्तरीको मलेठ घटना छानविन समितिको म्याद थप गर्ने।(आन्तरिक मामिला तथा कानुन मन्त्रालय)

३. मौरिससमा हुने११औं विश्व हिन्दी सम्मेलनमामा. सामाजिक विकास मन्त्रीको सहभागिताका लागि सहमति प्रदान गर्ने ।(सामाजिक विकास मन्त्रालय)

**सम्बत् २०७५ साल भाद्र १ गते शुक्रबारका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु**

१. प्रादेशिक सहकारी ऐन २०७५ तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने ।

२. प्रादेशिक सहकारी बिकास बोर्ड ऐन २०७५ तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने ।

**सम्बत् २०७५ साल भाद्र ४ गते सोमवार गतेका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु**

१. गाउँ सभा र नगर सभाको कानुन निर्माण प्रक्रियाका सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक, २०७५ को मस्यौदा स्वीकृत गर्ने ।(मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय)

२. प्रदेश सभा सचिवालयको ब्यवस्था गर्न बनेको बिधेयक,२०७५ को मस्यौदा स्वीकृत गर्ने ।(आन्तरिक मामिला तथा कानुन मन्त्रालय)

३. सुनचाँदी ब्यवसायीलाई ब्यवस्थित गर्न बनेको बिधेयक,२०७५ को मस्यौदा सवीकृत गर्ने ।(आन्तरिक मामिला तथा कानुन मन्त्रालय) ।

४. खारेज भई प्रदेश सरकार मातहतमा आएका कार्यालयहरुको रुपान्तरण, स्थापना र सञ्चालन सम्बन्धमा ।(उद्योग, पर्यटन,वन तथा वातावरण मन्त्रालय)

५. मदरशा शिक्षा बोर्ड गठन सम्बन्धी बिधेयक,२०७५ को मस्यौदा स्वीकृत गर्ने ।(सामाजिक विकास मन्त्रालय)

६. प्रादेशिक दुग्ध विकास बोर्ड, २०७५ स्थापना सम्बन्धी ब्यवस्था गर्न बनेको विधेयकको अवधारणा पत्रमा सैध्दान्तिक सहमति प्रदान गर्ने ।(भूमि ब्यवस्था,कृषि तथा सहकारी मन्त्रालय)

७. प्रदेशिक वीउ विजन ऐन,२०७५ तर्जुमा गर्न बनेको विधेयकको अवधारणा पत्रमा सैध्दान्तिक सहमति प्रदान गर्ने । (भूमि ब्यवस्था,कृषि तथा सहकारी मन्त्रालय)

८. प्रादेशिक मल ऐन,२०७५ तर्जुमा सम्बन्धी ब्यवस्था गर्न बनेको विधेयकको अवधारणा पत्रमा सैध्दान्तिक सहमति प्रदान गर्ने ।(भूमि ब्यवस्था,कृषि तथा सहकारी मन्त्रालय)

**सम्बत् २०७५ साल भाद्र १४ गते बिहिवार गतेका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु**

१. प्रदेश नीति आयोगका उपाध्यक्ष र सदस्यहरुको पारिश्रमिक,सेवा रसुविधा सम्बन्धी नियमावली २०७५ स्वीकृत गर्ने ।(मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय)

२. सप्तरीको मलेठ घटना छानविन समितिको म्याद थप सम्बन्धमा।(आन्तरिक मामिला तथा कानुन मन्त्रालय)

३. प्रदेश पर्यटन प्रबर्ध्दन तथा ब्यवस्थापन विधेयक,२०७५को मस्यौदा तर्जुमा गर्न सैध्दान्तिक सहमति प्रदान गर्ने।(उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालय)

४. प्रदेश उद्योग ब्यवस्थापन विधेयक,२०७५को मस्यौदा तर्जुमा गर्न सैध्दान्तिक सहमति प्रदान गर्ने।(उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालय)

५. प्रदेश मन्त्रालय अन्तरगतका कार्यालयको स्थापना गरि कार्यान्वयनमा ल्याउने।(भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय)

६. उच्च शिक्षाको ब्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकको मस्यौदा गर्न सैध्दान्तिक सहमति प्रदान गर्ने ।(सामाजिक विकास मन्त्रालय)

७. मिति २०७५ साल भाद्र ९ गते रौतहट जिल्लाको लालबकैया नदी तर्ने क्रममा डुङ्गा दुर्घटना हुँदा मृत्यू भएका परिवार र घाईतेलाई क्षतिपूर्ति तथा राहत उपलब्ध गराउने ।

**सम्बत् २०७५ साल भाद्र २८ गते बिहिवार गतेका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु**

१. प्रदेश नं. २ प्रदेश नीति आयोगको सांगठनिक संरचना स्वीकृत गर्ने ।

२. प्रदेश नं. २ को प्राशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को मस्यौदा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

३. प्रदेश नं. २ का मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा मन्त्रालय र मातहत निकायको नेपाल सरकारबाट स्वीकृत भई प्राप्त सांगठनिक संरचना सुचारु गरी यस प्रदेशको समग्र रुपमा तयार भएको सांगठनिक संरचना सुचारु गरी यस प्रदेशको समग्र रुपमा तयार भएको सांगठनिक संरचनाको प्रारुप (खाका) स्वीकृत गरी नेपाल सरकारमा पठाउने ।

४. प्रदेश सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को मस्यौदा प्रदेश सभामा पेश गर्न स्वीकृती दिने ।

५. अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को सैद्धान्तिक सहमति प्रदान गर्ने ।

६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत स्थापना हुने निकाय तथा कार्यालयहरुमा रहने दरबन्दी तेरिज स्वीकृत गर्ने ।

७. प्रदेश प्रशासन सम्बन्धी विधेयक, २०७५ को मस्यौदा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।

८. संस्था दर्ता सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७५ सैद्धान्तिक सहमति प्रदान गर्ने ।

**सम्बत् २०७५ साल असोज ४ गते बिहिवार गतेका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु**

१. प्रदेश नं. २ को प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को मस्यौदा प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

२. प्रादेशिक प्रशासनका लागि आवश्यक कर्मचारी करारमा भर्ना गर्ने सम्बन्धी ऐन, २०७५ को मस्यौद स्वीकृति प्रदान गर्ने ।

३. आकास्मिक पशुपँछी महामारी रोग नियन्त्रण तथा उपचार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

४. प्रदेश स्तर यूवा लक्षित व्यवसायीक पशुपँछी पालन कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

५. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रीज्यूको मित्रराष्ट्र अमेरिकामा आयोजना हुने **World Dairy Expo 2018** कार्यक्रममा सहभागी हुन संघीय सरकारमा सिफारिस गर्ने ।

६. सप्तरी जिल्लामा हालै प्रदेशको रुपमा फैलिएको महामारीलाई समयमै नियन्त्रण गर्न आवश्यक कार्यक्रम संचालन गर्न जन स्वास्थ्य कार्यालय सप्तरीलाई सामाजिक मन्त्रालयबाट १५ लाख रुपैया वजेट उपलब्ध गराउने ।

७. सप्तरी जिल्लामा महामारीको रुपमा फैलिएको रोगबाट मृत्यु भएका तपसिलका व्यक्तिका परिवारलाई मृतक प्रतिव्यक्ति रु. दुई लाखका दरले सहयोग उपलब्ध गराउने ।

   १. कन्चनरुप न.पा. वडा नं. ४ का मालसेर देवी सरदार
   २. कन्चनरुप न.पा. वडा नं. ७ का दिवस वस्नेत
   ३. कन्चनरुप न.पा. वडा नं. ३ का किशोर कुमार राम
   ४. कन्चनरुप न.पा. वडा नं. ९ का अमोद कुमार राम

८. रौतहट जिल्लामा एसिड आक्रमणमा परि घाइते भएका सुस्मीता दास र सम्झना दासलाई रु. ५० हजारका दरले सहयोग उपलब्ध गराउने ।

९. पानीमा डुवेर मृत्यु भएका तपसिलका वच्चाका परिवारलाई प्रति व्यक्ति रु. ५० हजारका दरले सहयोग उपलब्ध गराउने ।

   १. जिल्ला पर्सा वहादुरमाई न.पा. ६ का मुनी कुमारी
   २. जिल्ला पर्सा वहादुरमाई न.पा. ९ का पिंडी कुमारी
   ३. जिल्ला पर्सा वहादुरमाई न.पा. ९ का मान्सी कुमारी
   ४. जिल्ला धनुषा औरही गा.पा. ३ का नारायण सहनी

## सम्बत् २०७५ साल असोज ८ गते सोमवार गतेका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु

१. मिति २०७५ साल आश्विन १२ गते प्रदेशका आठवटै जिल्लामा कम्तिमा मा. मन्त्रीज्यूहरुको समुपस्थितिमा समारोहका साथ एकैदिन कम्तिमा ५०,००० विरुवा रोपण गरी **'हरित प्रदेश'** अभियानलाई सुरुवात गर्ने ।

२. सप्तरीको मलेठ घटनाको छानविन समितिलाई मिति २०७५/०६/०५ गतेबाट लागू हुने गरि पूनः ३० (तीस) दिनको म्याद थप गर्ने ।

३. बारा जिल्ला साविक बरैनीया गा.वि.स. वडा नं. ३ बस्ने माधुरी गुप्ताको नाममा दर्ता रहेको पर्सा जिल्ला विरगञ्ज महानगरपालिका वडा नं. १ सिट नं. ३८९/१३ कि.नं. ६५ को ज.वि. ००१६९.३० वर्ग मिटर जग्गा नेपाल रेडक्रस सोसाइटी, छपकैया उपशाखाको नाममा रजिष्ट्रेशन पास गरी स्वामित्व हस्तान्तरण गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर रु. २,२०,०००।– (दूई लाख बीस हजार) छुट दिन स्वीकृति प्रदान गर्ने ।

४. भौतिक पूर्वाधार विकास मन्त्रालय मातहत रहने निकाय तथा कार्यालय स्थापनाको लागि स्थान नतोकिआएका कार्यालयहरुको रहने जिल्ला, स्थान तथा विवरण संलग्न अनुसूची १,२,३ वमोजिम स्वीकृति प्रदान गर्ने ।

५. प्रादेशिक बालबालिकाको हकहितको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को मस्यौदा गर्न सैद्धान्तिक सहमति दिने ।

६. प्रदेश आयुर्विज्ञान संस्थानको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को मस्यौदा गर्न सैद्धान्तिक सहमति दिने ।

७. वैदेशिक रोजगारीमा जाने व्यक्तिको सामाजिक सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५, को मस्यौदा तयार गर्न सैद्धान्तिक सहमति दिने ।

८. प्रादेशिक स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा मापदण्ड सम्वन्धी विधेयक, २०७५ को मस्यौदा गर्न सैद्धान्तिक सहमति दिने ।

**सम्बत् २०७५ साल असोज ११ गते बिहिवार गतेका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु**

१. ढुङ्गा, गिट्टि, बालुवा उत्खनन, संकलन, क्रसिङ्ग र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

२. नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त स्वीकृत संगठन तथा व्यवस्थापन प्रतिवेदन र सोसँग सम्बन्धित अन्य निर्णयहरु समेतका आधारमा कार्यालयहरु रुपान्तरण, स्थापना र संचालन गर्न तयार पारिएको सामाजिक विकास मन्त्रालयको यसैसाथ संलग्न प्रतिवेदनलाई स्वीकृती दिने ।

३. प्रादेशिक सवारी तथा यातायात व्यवस्थापन सम्बन्धित विधेयक प्रदेश सभामा पेश हुन स्वीकृत प्रदान गर्ने ।

४. एसिड आक्रमणमा परी मृतक १८ वर्षिया सम्झना दास र गम्भीर घाइते १५ वर्षिया सस्मीता दासको परिवारलाई राहत स्वरुप रु. ३,००,००० दिने सम्वन्धी निर्णय ।

**सम्बत् २०७५ साल असोज २५ गते बिहिवार गतेका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु**

१. प्रदेश नं. २ को नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता निर्देशिका, २०७५ स्वीकृत गर्ने ।

२. कानूनी सहजकर्ता नियुक्ति तथा सेवा शर्त सम्बन्धी निर्देशिका, २०७५ स्वीकृत गर्ने प्रस्तावमा निर्देशिकाको दफा ५ को (१) मा रहेको कानूनी सहजकर्ताको छनौट समितिमा रहने सदस्यमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एक जना अधिकृत प्रतिनिधि समावेश गर्ने र अरुमा प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

३. प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

४. प्रादेशिक रंगशाला निर्माणको लागि स्थान छनौट गर्ने ।

५. प्रदेश नं. २ दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७५ को मस्यौदा स्वीकृत गर्ने प्रस्ताव प्रशासन तथा विधेयक समितिमा पेश गर्ने ।

६. भौतिक पूर्वाधार विकास मन्त्रालयले श्रेणीविहिन तर दक्ष जनशक्ति इलेक्ट्रिसियन-२ जना र पलम्वर-२ जनाको अस्थायी/करार दरवन्दी सृजना गर्ने र सम्बन्धित कार्यको लागि तोकिएको जिल्ला दररेट अनुसार पारिश्रमिक प्रदान गर्ने ।

७. प्रादेशिक विद्युत सम्बन्धि मस्यौदा विधेयक, २०७५ प्रदेश सभामा दर्ता गर्नको लागि स्विकृत प्रदान गर्ने ।

८. शितभण्डार निर्माणका लागि अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

९. पशु (गाई/भैंसी/बाख्रा) श्रोत केन्द्र स्थापना तथा सुदृढिकरण कार्यक्रम संचालन कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

१०. एकल महिलाको जीविकोपार्जनको लागि पशुपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को स्वीकृत गर्ने ।

११. सामाजिक रुपमा पछाडी परेका साना कृषक तथा विपन्न किसान वर्गको लागि विशेष वाख्रा र कुखुरा पालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

१२. साईलो पिट निर्माण सम्बन्धी कार्यविधि, २०७५ को स्वीकृत गर्ने ।

१३. खरिद भई प्रयोग भएका सामानहरु निर्माण भउका संरचना लगायतका कार्यहरुको भुक्तानी कार्य अगाडी बढाउने देहाय वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | - अध्यक्ष |
| सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | - सदस्य |
| सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| सचिव, सामाजिक विकास मन्त्रालय | - सदस्य |
| सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | - सदस्य |
| सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | - सदस्य |
| उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| उपसचिव(प्रा.), भौतिक पूर्वाधार विकास मन्त्रालय | - सदस्य सचिव |

१४. नेपाल सरकारको विशिष्ट श्रेणीका पदाधिकारीले पाउने सरहको सेवा सुविधा पाउने गरि श्री विजयलाल कायस्थलाई प्रदेश सरकार प्रदेश नं. २ को सुरक्षा सल्लाहकारमा नियुक्ति गर्ने ।

१५. प्रदेश नीति आयोगमा निम्न २ जना व्यक्तिहरुलाई सदस्यमा नियुक्ति गर्नेः-

| | |
|---|---|
| डा. सुरेन्द्र झा | (सिरहा) |
| श्री राजकुमार लेखी | (सप्तरी) |

१६. प्रदेश नं. २ को प्रदेश नीति आयोगको उपाध्यक्ष तथा सदस्यहरुको पारिश्रमिक, सुविधा तथा सेवा सम्वन्धी नियमावली, २०७५ को नियम १४(२) को **"प्रतिवधात्मक वाक्यांश"** खारेज गर्ने ।

**सम्बत् २०७५ साल कार्तिक ९ गते शुक्रवार गतेका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु**

१. लागू औषध निषेध तथा मदिरा नियन्त्रण गर्ने सम्बन्धमा प्रदेश स्तरिय अनुगमन तथा निर्देशन समिति गठन गर्ने स्वीकृति सम्बन्धी प्रस्तावमा लेखिए बमोजिम गर्ने र सो को लागि कार्यविधि तयार गरि पेश गर्ने ।

२. मा. राज्यमन्त्रीहरुको आवास व्यवस्थापन गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयबाट प्रत्येक राज्यमन्त्रीलाई रु. ४,००,०००।– (अक्षरेपी रु. चार लाख मात्र) उपलब्ध गराउने ।

३. मधेस आन्दोलनको क्रममा घाइते भएका सिरहा न.पा. २२ निवासी श्री शम्भु यादवलाई रु. १,५०,०००।– (अक्षरेपी रु. एक लाख पच्चास हजार मात्र) राहत उपलब्ध गराउने ।

४. प्रदेश सरकारको सचिवालय रहेको परिषरलाई "मधेस भवन" नामाकरण गर्ने ।

५. २०७५ सालको विवाह पञ्चमीको व्यवस्थापनको लागि जानकी मन्दिर विवाह पञ्चमी व्यवस्थापन समितिलाई मुख्यमन्त्री राहत कोषबाट ५०,००,०००।– (अक्षरेपी पच्चास लाख मात्र) अनुदान स्वरुप उपलब्ध गराउने ।

६. यही कार्तिक २७ र २८ गते दुई दिन छठ पर्व मनाउनको लागि यस प्रदेश भित्र दुई दिन सार्वजनिक विदा दिने ।

७. स्वीकृत संगठन र व्यवस्थापन **(O & M)** बमोजिम संघ सरकारसंग ३० दिन भित्र कर्मचारीहरु पदपूर्तिका लागि अनुरोध गरि पठाउने र सो अवधिमा माग अनुसारको कर्मचारीहरु संघले खटाइ नपठाएमा प्रदेश सरकार आफैले कानून बमोजिम भर्ना गर्ने ।

**सम्बत् २०७५ साल कार्तिक १३ गते मंगलवार गतेका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु**

१. प्रादेशिक विद्युत सम्बन्धि मस्यौदा विधेयक, २०७५ मसौदाको दफा १६ को उप दफा(३)को अन्त्यमा रहेको गराइनेछ भन्ने शब्दको सट्टा गराउन सक्नेछ भन्ने गरी अरुमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

२. प्रदेशको राजधानी तथा नामको सन्दर्भमा वार्ता तथा संवादको माध्यमले सवै पक्षको राय सुझाव संकलन गरि प्रदेश सरकारलाई सुझाव सहितको प्रतिवेदन दिन तपसिलका सदस्य रहने गरि संवाद तथा सुझाव आयोग गठन गर्ने :-

<u>तपसिल</u>

डा. हरिवंश झा, उपाध्यक्ष नीति आयोग- संयोजक

राम प्रवेश वैठा – सदस्य

मोहन लाल चौधरी, सदस्य नीति आयोग – सदस्य सचिव

**सम्बत् २०७५ साल कार्तिक १५ गते बिहिवार गतेका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु**

१. प्रदेश सभा सदस्य निर्बाचन क्षेत्र विकास कार्यक्रम (संचालन कार्याविधि) संसोधन नियमावली, २०७५ स्वीकृत गर्ने । (पहिलो संसोधन)

२. बिज्ञ समूह गठन कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

३. प्रादेशिक बालबालिकाको हकहितको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ स्वीकृत गर्ने ।

**सम्बत् २०७५ साल कार्तिक १९ गते सोमवार गतेका दिन बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु**

१. मुख्यन्यायाधिवक्ता श्री दिपेन्द्र झाको भारत भ्रमण स्वीकृत गर्ने ।